**जैवविविधता** भन्नाले पृथ्वीमा हुने जीवहरुको अनेकता (वन्य र घरेलु, वनस्पति र प्राणीसहीत मानव र सूक्ष्म जीवहरू) बुझिन्छ । संसारका १२ वटा बृहत् जैविविविधतायुक्त देशहरूमध्ये भारत एउटा देश हो । **कन्वेंशन अन वायोलाजिकल डाईवर्सिटी (सिवीडी) मा भारतको महत्वपूर्ण हस्ताक्षर छ**, जसको लक्ष्य स्थानीय समुदाइहरुबाट जैविविविधताको उत्पादन, जैविविविधतामा निर्भरता र यसबाट निरन्तर लाभ उठाउनु रहेको छ ।

**सिवीडी का तिन लक्ष्यहरु:** १. जैविविविधता को सरक्षण; २. दीर्घामियादी प्रयोग; ३. लाभहरूको समान हिस्सेदारी

**वायोपाईरेसी** भनेको जीवहरुको र यससंग सम्बन्धित स्थानीय ज्ञानको अवैध ढङ्गमा प्रयोग हो । **वायो-प्रस्पेक्टिंगले** जैविक स्रोत र पारम्परिक ज्ञानको व्यसायिक शोषणको सम्भावना विषय खोज गर्दछ ।

## जैवविविधता ऐन (२००२) अनि नियमहरू (२००४) लाई जान्नुहोस

- भारत सरकारले वर्ष २००२ मा जैव विज्ञान ऐन शुरू गर्‍यो अनि वर्ष २००४ मा जैव विज्ञान विविधता नियमलाइ अधिसूचित गर्‍यो। जैव विज्ञान ऐनमा १२ च्याप्टर र ६५ परिच्छेद छन् र यो ५ फरवरी २००३ मा प्रकाशित भएको थियो। जैव विज्ञान विविधता ऐन नियमहरूलाइ १५ अप्रेल २००४ मा अधिसूचित गरियो।
- यस अधिनियमलाइ राष्ट्रिय, राज्य अनि स्थानीय स्तरमा विकेन्द्रिकृत गरेर तीन स्तरमा (थ्री टायर सिस्टम) लागू गरियो। राष्ट्रिय स्तरमा भारत सरकारले यसै अधिनियमको परिच्छेद ८ अन्तर्गत राष्ट्रिय जैविविविधता प्राधिकरण (एनबीए) को स्थापना गरयो। एनबीए एउटा स्यायत्तशासी अनि वैधानिक सस्था हो जसले जैव विविधता सरक्षण, यसको दीर्घकालसम्म प्रयोग तथा निष्पक्ष अनि उचित लाभांश वितरणलाइ सुनिश्चित गर्ने भारत सरकारका उपयुक्त एजेन्सीहरू अनि मन्त्रालयहरूका निम्ति सुविधाजनक, नियामक अनि परामर्शदाताको भूमिका निर्वहन गर्दछ । एनबीए विशेषज्ञ समिति अनि साझेदारहरूलाइ समावेश गरेर परामर्श प्रक्रियामार्फत सञ्चालन हुँदछ।
- राज्य स्तरमा, राज्य जैविविविधता बोर्ड (एसबीबी) हरूको स्थापना राज्य सरकारहरूले यस ऐनको परिच्छेद २२ अनुसार गरेको हो जबकि स्थानीय स्तरमा जैविविविधता प्रबन्धन समिति (बीएमसी) हरू स्थानीय़ निकायहरूले ऐनको परिच्छेद ४१ अनुसार गठन गरिएको छ।

## जैवविविधता ऐन २००२ का प्रमुख विशेषताहरू

साझेदारहरूलाइ समावेश गरेर विस्तृत अनि तीव्र परामर्शपछि भारत सरकारले जैविविधता ऐन २००२ को शुरूआत गऱ्यो जसको मुख्य विसेस्ता यसप्रकार छन्:

- देशको जैविक स्रोतको नियन्त्रण अनि अभिगमन गर्नु।
- जैविविधताको संरक्षण अनि दीर्घकालीन प्रयोग गर्नु।
- एनबीए, एसबीबी अनि बीएमसीको स्थापना।
- जैविक स्रोत अनि सम्बन्धित ज्ञानका निम्ति आफनो कार्य क्षेत्रभित्र निर्णय लिन एनबीए र एसबीबीले बीएमसीसित परामर्श गर्नुपर्छ।
- जैविविधतासित सम्बन्धित स्थानीय समुदायको पारम्परिक ज्ञानलाइ सम्मान दिन अनि संरक्षण गर्नु।
- जैविक स्रोतको संरक्षण गर्ने र यसमा ज्ञान हुने स्थानीय मानिसहरुको निम्ति लाभांशको हिस्सेदारी सुनिश्चित गर्नु।
- सबै विदेशी नागरिकहरू / सङ्गठनहरूले जैविक स्रोतको वा सम्बन्धित ज्ञानको प्रयोगका निम्ति एनबीएबाट पूर्व अनुमोदन लिनुपर्छ।
- भारतीय वैज्ञानिक / व्यक्ति विशेषहरूले विदेशी नागरिक / सङ्गठनहरूलाइ अनुसन्धानको परिणाम स्थानान्तरण गर्नकोलागी एनबीएबाट अनुमति लिनुपर्छ।
- संरक्षण अनि विकासको दृष्टिकोणमा महत्वपूर्ण क्षेत्रलाइ जैविविधता धरोहर क्षेत्र (**B**iodiversity Heritage Sites) घोषित गर्नु।
- लोप हुने अवस्थामा रहेका प्रजातिहरूको संरक्षण अनि पुनर्वास।
- राज्य सरकारका संस्थानहरूको समितिहरू निर्माण गरी जैविविधता ऐनको विस्तृत कार्यान्वयनमा सामेल गराउनु।
- भारतको धनी जैविविधता अनि यससित सम्बन्धित ज्ञानलाइ कुनै पनि विदेशी व्यक्ति वा सङगठनहरूले स्थानीयहरूलाई त्यसको कुनै लाभांश साझेदारी नगरि प्रयोग गर्नेबाट जोगाउनु अनि जैव सम्पदाको चोरीको जाँच गर्नु।
- जैविक स्रोत प्राप्त गर्नका निम्ति भारतीय उद्योगले एसबीबीलाई पूर्व सूचित गर्नुपर्छ। यदि जैवविविधता संरक्षण अनि दीर्घकालीन प्रयोग तथा लाभांश वितरणमा नियमको उल्लङ्घन भएको पाइएमा एसबीबीसित प्रतिबन्ध लगाउने पनि अधिकार रहन्छ।
- स्थानीय निकायसित परामर्श गरेर राज्य सरकारले धरोहर स्थलहरूलाइ अधिसूचित गर्ने प्रावधान।
- राष्ट्रिय, राज्य अनि स्थानीय जैविविविधता कोष सिर्जना अनि जैवविविधताको संरक्षणका निम्ति यसको प्रयोग।
- जैविक स्रोतमाथी भारत तथा भारतबाहिर कुनै पनि आविष्कारका निम्ति आईपीआरकोलागि एनबीएबाट पूर्व अनुमोदन लिनुपर्छ।

## जैवविविधता ऐन २००४ का प्रमुख विशेषताहरू

जैवविविधता ऐन २००२ को कार्यान्वयनका निम्ति वर्ष २००४ मा नियमहरू अधिसूचित गरिएका छन्। बीडी नियम २००४ का प्रमुख विशेषताहरू यसप्रकार छन्:

- प्राधिकरणका निम्ति अध्यक्ष अनि सदस्यहरूको नियुक्ति प्रक्रिया, प्राधिकरणको बैठकको सञ्चालन, अनि प्राधिकृतहरूको साधारण कार्यलाई नियम ३ - ४, १० अनि १२ मा क्रमैले वर्णन गरिएको छ।
- परिच्छेद ३ (जैविक स्रोतको प्राप्ति) ले जैविक स्रोतको प्राप्तिका गतिविधिहरूको नियामक प्रक्रिया अनि सम्बन्धित पारम्पारिक ज्ञान प्राप्त गर्ने, परिच्छेद ४ ले (अनुसंधान परिणामको हस्तान्तरण) अनि परिच्छेद ६ ले (पेटेन्ट हासिल गर्नका निम्ति निरापत्ति पत्र) जैवविविधता ऐन, २००२ अन्तर्गत नियम १४, १७ अनि १८ मा क्रमैले दिइएको छ।
- लिखित सम्झौतालाई रद्द गर्ने प्रक्रिया, अभिगमन निषेध कार्य अनि नोक्सानीको भरपाई आदि (नियम १५) मा पर्छन्।
- यदि प्रतिकूल पर्यावरणीय प्रभाव परेको खण्डमा सङ्कटमा रहेका, विलुप्त प्रायः अनि दुर्लभ प्रजातिहरू साथै अनु वांशिकी क्षति, पर्या प्रणालीको कार्य अनि राष्ट्रिय हित साथ साथै अन्तराष्ट्रिय सम्झौताहरू (नियम १६) अन्तर्गत को प्राप्तिमा प्रतिबन्ध लगाउन सकिन्छ
- लाभ को समतामूलक साझेदारीका निम्ति नियम र शर्तहरूलाई सुनिश्चित गरेर अनुसन्धानको परिणामको हस्तान्तरण ,पेटेन्ट/आईपीआर दावी (नियम २०) गर्नु।
- जैवविविधता प्रबन्धन समिति (बीएमसी) को गठन अनि स्थानीय मानिसहरूसितको परामर्शमा जन जैवविविधता खाता (People's Biodiversity Register (PBR)) को तयारी, व्यवस्थापन तथा प्रमाणिकरण क्रमैले नियम २२ (२) र २२ (६) को अनुसार गर्नुपर्ने।
- एनबीए अनि एसबीबी वा एसबीबी हरूबीचको विवादलाई लिएर गरिएको अपीललाई नियम २३ अन्तर्गत साम्य गरिन्छ

यी नियमहरूका पनि निर्धारित ढाँचा जस्तै फारम-I मा जैविक स्रोत तथा सम्बन्धित परम्परागत ज्ञान (Access to Biological resources and associated traditional knowledge), फारम-II मा अनुसन्धान परिणामको हस्तान्तरण (Transfer of Research results), फारम-III मा पेटेन्ट प्राप्त गर्नका निम्ति अनापत्ति प्रमाणपत्र (Seeking 'No Objection Certificate' for obtaining patent) अनि फारम -IV मा तेस्रो टोलीलाई हस्तान्तरणका निम्ति अनुमोदनको प्राप्ती (Seeking approval for Third Party Transfer) प्रमुख रहन्छन्।

## जैवविविधता ऐनमा के के समावेश गरिन्छ?

यसले भारतमा भएका जैविक स्रोतको सरक्षण, चलन अनि सम्बन्धित ज्ञानलाइ व्यवसायिक वा अनुसन्धान वा जैव-सर्वेक्षण अनि जैव-प्रयोगको उद्देश्यलाई समावेश गर्दछ। यसले जैविक स्रोतकोलाई प्राप्त गर्नेका निम्ति एक ढाँचा उपलब्ध गराउँछ अनि यसबाट प्राप्त हुने लाभको साझेदारी अनि प्रयोग समावेश गर्दछ। यस अधिनियम अन्तर्गत अनुसन्धान परिणामको स्थानान्तरण, अनि भारतीय जीव विज्ञान सन्साधनसित सम्बन्धित बौद्धिक सम्पत्ति अधिकार (आईपीआर) का निम्ति आवेदनलाई समावेश गर्दछ।



## जैवविविधता ऐनमा कसलाई समावेश गरेको छ अनि उनीहरूले के गर्नु पर्दछ?

यस ऐनले विदेशी, प्रवासी भारतीय, कर्पोरेट जगत, संघ-संस्था वा सङ्गठनलाई समावेश गर्दछ जो या त भारतमा सामेल छैन या यसको साझा पूँजी वा प्रबन्धन गैर भारतीय सहभागितामा सामेल छ। यी व्यक्ति वा संस्थाहरूले जब भारतमा भएको जैविक स्रोत अनि सम्बन्धित ज्ञानलाई व्यवसायिक या अनुसन्धान प्रयोजन या जैव सर्वेक्षण वा जैव प्रयोगका निम्ति प्राप्त गर्छन वा प्रयोगमा ल्याउँछन् तब उनीहरूले राष्ट्रिय जैवविविधता प्राधिकरणको स्वीकृति लिन आवश्यक हुन्छ (परिच्छेद ३)।

माथि उल्लेखित गतिविधिहरूमा सामेल हुँदा भारतीयहरू अनि भारतीय संस्थानहरूले राष्ट्रिय जैव विविधता प्राधिकरणको अनुमोदन लिनुपर्ने आवश्यक्ता पर्दैन। तरपनि, व्यवसायिक विचार राखेर कुनै पनि प्रकारको अनुसन्धान कार्यलाई अघि बढाउँन अघि नै उनीहरूले राज्य जैव विविधता बोर्डलाई सुचित गर्नु पर्दछ (परिच्छेद ४) । जैविक स्रोत आधारित आईपीआर् को लागी कुनै पनि आवेदन एनबीए ले अनुमोदित गरिएको हुनुपर्छ।

### अनुमोदन प्रक्रिया



## जैवविविधता ऐनले कसलाई अनि के के अलग राख्दछ?

यस ऐनले वस्तुहरूकोरूपमा सामान्य व्यापार गरिइने भारतीय जैविक स्रोतलाई अलग राख्छ। यस्ता छूट केवल ती जैविक स्रोत लाई दिन्छ जसको उपयोग केवल वस्तुको रूपमामात्र प्रयोग गरिन्छ अनि कुनै अन्य प्रयोजनाका लागि प्रयोग गरिन्दैन। यस ऐनले भारतीय जैविक स्रोत अनि सम्बन्धित ज्ञानको पारम्पारिक प्रयोगलाई पनि अलग राख्दछ जब यी संसाधनको प्रयोग केन्द्र सरकारको अनुमोदनपछि भारतीय अनि विदेशी संस्थानहरूबीच संयुक्त अनुसन्धानका लागि गरिन्छ।



## राज्य जैवविविधता बोर्ड (एसबीबी)

एसबीबीहरूको स्थापना राज्य सरकारहरूले जैविविधता ऐनको धारा २२ अनुसार आधिकारिक राजपत्राङ्कित अधिसूचना जारी गरेर गरेका हुन्। बोर्डमा एक अध्यक्ष, सम्बन्धित विभागलाई प्रतिनिधित्व गर्ने पाँचजना पदेन सदस्यहरू अनि जैविविधताको संरक्षण, जैविक स्रोतको दीर्घमियादी प्रयोग अनि त्यसको प्रयोगबाट हुने लाभ अनि न्यायसङ्गत साझेदारीका लागि विशेषज्ञहरूबाट नियुक्त भएका पाँच सदस्य रहनेछन्।

## एसबीबीको कार्य

राज्य सरकारलाई जैविविधताको संरक्षण, जैविक स्रोतको दीर्घमियादी प्रयोग अनि त्यसको प्रयोगबाट हुने लाभ अनि न्यायसङ्गत साझेदारीका विषयहरूसित सम्बन्धित मुद्दाहरूमा केन्द्र सरकारले जारी गरेको दिशा निर्देशनका विषयहरूबारे सुझाउ दिनु हो।

भारतीयहरूलाई जैविक स्रोतको व्यवसायिक उपयोगिताका वा जैव-सर्वेक्षण अनि जैव-उपयोगिताका लागि अनुमोदन स्वीकृत दिनु साथ-साथै तिनीहरुलाई नियम-कानुनको अधिनमा राख्नु हो।

यस ऐनको प्रावधानह अनुरूप वा राज्य सरकारद्वारा निर्धारित यस्ता आवश्यक कार्यहरू गर्नु हो।

## राज्य जैवविविधता बोर्डले त्यसबेला के गर्नुपर्ने हुन्छ जब यसले भारतीय जैविक स्रोत अनि सम्बन्धित ज्ञानको प्रयोगको निम्ती निवेदन पत्र अनुमोदनको लागी पाउदछ?

राज्य जैवविविधता बोर्डले स्थानीय सम्बन्धित निकायहरूसितको परामर्शमा अनि जाँच तथा आवेदकहरूको सुनवाईपछि यदि बोर्डलाई लाग्छ कि यस् प्रकारका गतिविधिद्वारा जैवविविधतको संरक्षण अनि त्यसको दीर्घमियादी प्रयोगको उद्देश्यमाथि प्रभाव पार्छ, त्यस खण्डमा बोर्डले आवेदकको आवेदन प्रतिबन्धित वा अवरूद्ध गर्न सक्छ ।

## जैवविविधता ऐनको अनुपालनमा हुने कमीको परिणाम के हुन?

जहाँ भारतीय जैविक स्रोत अनि सम्बन्धित ज्ञानको प्रयोगका लागी राष्ट्रिय जैविविधता प्राधिकरणको अनुमोदन को आवश्यक्ता हुन्छ नि यस्ता अनुमोदन प्राप्त नभएमा पाँच वर्षको कारावासको सजाय वा दश लाख रूपियाको जरिमाना या दुवै सजाय हुन सक्छ।

जहाँ भारतीय जैविक स्रोत अनि सम्बन्धित ज्ञानको प्रयोगलाई लिएर राज्य जैविविधता बोर्डले सूचित गर्नुपर्ने आवश्यक्ता हुन्छ अनि यस्तो नभएको खण्डमा सजाय स्वरूप तीन महिनाको कारावास अथवा पाँच लाख रूँपियाको जरिमाना या दुवै भोग्नुपर्ने हुन्छ।

यस ऐनअन्तर्गतको कुनैपनि कृत्य गैर जमानती हुन्छ।

## जैवविविधता प्रबन्धन समिति (बीएमसी)

यस ऐनको धारा ४१ अनुसार, प्रत्येक स्थानीय निकायले जैवविविधताको सरक्षण, स्थायी प्रयोग अनि दस्तावेजीकरण लगायत भूमी क्षेत्रको संरक्षण, लोक प्रजाति अनि खेती, घरेलु पशुधन अनि जनावरको प्रजाति, सूक्ष्मजीवहरू र जैव विविधतासित सम्बन्धित ज्ञानको क्रमिकरूपमा अभिलेखन गर्नेका निम्ति आफ्नो क्षेत्रभित्र बीएमसी गठन गर्नुपर्छ।

## बीएमसीको कार्य

- स्थानीय मानिसहरूसितको परामर्शमा जन जैवविविधता खाता (People's Biodiversity Register (PBR)) को तयारी, व्यवस्थापन तथा प्रमाणित गर्नु।
- जैविक स्रोत अनि पारम्परिक ज्ञानबारे विस्तृत जानकारी दिएको विवरण, सङ्कलित शुल्कको विस्तृत विवरण तथा प्राप्त लाभको विवरण एवं लाभांश साझेदारीको प्रकारको विवरण एक खाताको परिचालन गर्नु।
- राज्य जैवविविधता बोर्डद्वारा अनुमोदित वा अनुमोदन जारी गर्ने प्राधिकरणलाइ परामर्श दिनु, जैविक स्रोतको प्रयोग गरिरहेका स्थानीय वैद्य अनि चिकित्सकहरूको आंकड़ा तयार गर्नु।



## जन जैवविविधता खाता (पीबीआर)

बीएमसीको प्रमुख कार्य स्थानीय मानिसहरूसितको परामर्शमा जन जैवविविधता खाता तयार गर्नु हो। खातामा स्थानीय जैविक स्रोतको उपलब्धता अनि ज्ञान, उनीहरूको औषधीय या कुनै अन्य प्रयोग वा उनीहरूसित सम्बन्धित कुनै अन्य पारम्पारिक ज्ञानबारे विस्तृत सूचना हुनुपर्छ।

पीबीआरको प्रमुख कार्य नै स्थानीय जैवविविधता, पारम्पारिक ज्ञान अनि प्रथाहरूको भागेदारी प्रलेखनमाथि ध्यान केन्द्रित गर्नु हो। यिनीहरूलाई जैविक स्रोत अनि सम्बन्धित पारम्पारिक ज्ञानमाथि स्थानीय मानिसहरूको अधिकारलाइ सुनिश्चित गर्ने प्रमुख कानूनी दस्तावेजहरूका रूपमा हेरिन्छ।

वर्ष २००९ मा राष्ट्रिय जैवविविधता प्राधिकरणले पीबीआरमाथि दिशानिर्देशन जारी गरिसकेको छ।

## पीबीआर प्रक्रियाको चरणबद्ध तयारी

- जैव विविधता प्रबन्धन समिति (बीएमसी)को गठन।
- अध्ययन, सर्वेक्षण अनि सम्भावित प्रबन्धनबारे जन सचेतना फैलाउनु।
- जैविक स्रोत अनि पारम्पारिक ज्ञानको पहिचानको निम्ति तथ्याङ्क सङ्कलन अनि सदस्यहरूको प्रशिक्षण।
- तथ्याङ्क सङ्कलनः तथ्याङ्क सङ्कलनमा जिल्लाहरूको प्राकृतिक स्रोतमाथिको साहित्यको समीक्षा, ग्रामीण स्तरमा भागीदारी ग्रामीण मूल्यांकन (पीआरए), घरेलु साक्षात्कार, ग्रामीण नेता अनि बुद्धिजीवी व्यक्ति, परिवारका शीर्ष व्यक्तिहरू, पञ्चायतीराज संस्थान अनि गैर सरकारी सङ्गठनका प्रमुख कर्ताधर्ताहरुको साक्षात्कार र प्रत्यक्ष क्षेत्र अवलोकनको समावेश हुन्छन्।
- तक्नीकि सहयोग समूह अनि बीएमसीसितको परामर्शमा तथ्याङ्कको विश्लेषण र सत्यापन।
- जन जैविकविविधता खाताको तयारी।
- सूचना अनि संसाधनको कम्प्यूटरीकरण



## जैवविविधता धरोहर क्षेत्रहरू (बीएचएस)

जैविक विविधता ऐन, २००२ को धारा ३७ अन्तर्गत राज्य सरकारले स्थानीय निकायहरूसितको परामर्शमा जैवविविधताको दृष्टिले महत्वपूर्ण क्षेत्रहरूलाई जैव विविधता धरोहर क्षेत्रको रूपमा आधिकारिक राजपत्रमा अधिसूचित गर्न सक्छ। राष्ट्रिय जैव विविधता प्राधिकरणले वर्ष २००९ मा बीएचएसको छनोट अनि प्रबन्धनका लागि दिशा निर्देशन जारी गरेको छ।

## बीएचएसको परिभाषा

जैवविविधता धरोहर स्थलहरू असल ढङ्गमा परिभाषित क्षेत्रहरू हुन जो निम्नलिखित मध्ये कुनै एक वा अधिक तत्वलाई समावेश गरिएको धनी जैवविविधता अद्वितीय, पर्यावरणीय दृष्टिकोणले कमजोर पारिस्थितिक प्रणालीहरू- पृथ्वी सम्बन्धित, तटीय अनि अंतर्देशीय जलक्षेत्र अनि समुद्री क्षेत्रहरू हुनः जंगली अथवा घरेलु प्रजाति वा भित्री-विशिष्ट वर्गहरू, उच्च स्थानिकता, दुर्लभ र सङ्कटग्रस्त प्रजातिको उपस्थिति, विकासवादी महत्वका प्रजाति, घरेलु / खेती प्रजातिका जङ्गली पूर्वजहरू वा उनीहरूका प्रजातिहरू, नदीतलका जीवाश्मद्वारा प्रतिनिधित्व गरिएका विगतका जैविक तत्व अनि सांस्कृतिक, नैतिक वा सौंदर्य मूल्य भएका र उनीहरूसित मानव सम्बन्धको लामो इतिहास भएको अथवा नभएको सांस्कृतिक विविधतालाई कायम राख्ने महत्वपूर्ण तत्वहरू। यी माथी उल्लेखित कुनैपनि विशेषता भएको क्षेत्र बीएचएसमा समावेश गर्नेका निम्ति योग्य बन्नसक्छ।

## बीएचएसको मानदण्ड

- प्राकृतिक, अर्द्ध प्राकृतिक अनि मानव निर्मित वासस्थलहरूको प्रतिरूप समावेश रहेका क्षेत्रहरूमा जीवन प्रकारका महत्वपूर्ण विविधता रहेका हुन्छन्।
- ती क्षेत्रहरु जसमा महत्वपूर्ण घरेलु जैवविविधताका तत्वहरू वा प्रतिनिधित्व कृषि पारिस्थितिक संघ वर्तमानमा सञ्चालित कृषि प्रचलन जसले यस विविधतालाई समावेश गर्दछ।
- जैवविविधताको दृष्टिकोणले महत्वपूर्ण रहेका क्षेत्रहरू सांस्कृतिक दृष्टिले पनि महत्वपूर्ण हुन्छन् जस्तै पवित्र उपवन / वृक्ष अनि स्थलहरू वा सामुदायिकरूपमा संरक्षित अन्य ठूला स्थानहरू।
- एकदमै साँघुरो स्थानहरू जसले विलुप्त हुनलागेका स्थानीक पशु अनि वनस्पतिका लागि शरणस्थल वा गल्लीको रूपमा काम गर्दछन्, जस्तै गरेर सामुदायिक संरक्षित क्षेत्र वा शहरी हरित क्षेत्र अनि सिमसारहरू।
- सबै प्रकारका वैधानिक सरकारी, सामुदायिक वा निजी भूमी उपयोगलाई माथि उल्लेखित श्रेणीमा राख्न सकिन्छ।
- वन्यप्राणी सरक्षण ऐन १९७२ अन्तर्गत संरक्षित क्षेत्र सञ्जालभित्र समावेश नगरिएका लगभग सबै स्थलहरूलाई संसोधनगरी जतिसक्दो समावेश गर्नका निम्ति विचार गर्न सकिन्छ।
- जलचर वा स्थलीय जीवहरूलाई वास उपलब्ध गराउने मौसमीय प्रवासी प्रजातिहरूको भोजन अनि प्रजननका क्षेत्रहरू।
- वन विभागको अनुसंधान प्रकोष्ठद्वारा सरक्षण भूमीका रूपमा कायम राखिएको क्षेत्रहरू।
- औषधीय वनस्पति सरक्षण क्षेत्रहरू।

## केन्द्र अनि राज्य सरकारहरूको महत्वपूर्ण भूमिका

यस ऐनको धारा ३६ अनुसार केन्द्र अनि राज्य सरकारहरूको महत्वपूर्ण भूमिका यसप्रकार छन्:

- राष्ट्रिय रणनीतिक विकास योजना, संरक्षण कार्यक्रम, जैव विविधताको दिगो प्रयोगलाई प्रोत्साहित अनि बढावा दिन राष्ट्रिय स्तरमा रणनीति बनाउनु।
- अति प्रयोग, दुरुपयोग वा बेवास्ताको कारणले सङ्कटमा रहेका जैवविविधता धनी स्थलको सुरक्षा गर्नको लागी सम्बन्धित राज्य सरकारहरूलाई तात्कालिक सुधारात्मक उपाय र कार्यक्रम सञ्चालनको दिशानिर्देशन जारी गर्नु।
- संरक्षण, प्रवर्द्धन र सान्दर्भिक क्षेत्रीय वा अन्तर क्षेत्रीय योजना, कार्यक्रम र नीतिमा जैविक विविधताको दिगो उपयोगलाई एकीकृत गर्नु। एनबीएको सिफारिशअनुसार स्थानीय मानिसहरूको जैवविविधतासित सम्बन्धित ज्ञानको सम्मान अनि संरक्षण गर्नु।
- पर्यावरण अनि जैवविविधतामाथि परियोजनाहरूको प्रभावको आकलन अनि जीवित संशोधित जीवहरूको प्रयोग अनि बन्देज मुक्तमा नियमन, व्यवस्थापन वा नियन्त्रण गर्नु अनि त्यसको जोखिम वा प्रतिकूल प्रभाव जैविक विविधताको संरक्षण, दिगो प्रयोग अनि मानव स्वास्थ्यमाथि आकलन गर्नु।

## केन्द्र सरकारले एनबीएसितको परामर्शमा

- सङ्कटकालीन अवस्थामा पुगेका प्रजातिहरू अनि उनीहरूको सङ्कलनमाथि प्रतिबन्ध लगाउने, नियम निर्धारण गर्ने तथा पुनेवास तथा संरक्षणलाइ अधिसूचित गर्नसक्छ;
- सस्थानहरुलाई जैविक स्रोतका विभिन्न वर्गको भण्डार नियुक्त गर्नेसक्छ; अनि
- सामाग्रीकारूपमा सामान्यरूपमा व्यापार गरिइने कतिपय संसाधनलाई छूट दिइने
- कतिपय जैविक स्रोतलाई सामान्यरूपम व्यापार गरिइने सामाग्रीकारूपमा छूट दिनसक्छ

## राज्य सरकारहरूले स्थानीय निकायहरूसितको परामर्शमा

- जैवविविधता धरोहर स्थलहरूलाई अधिसूचित गर्नसक्छ
- केन्द्र सरकारसितको परामर्शमा सबै धरोहर स्थलहरूको प्रबन्धन अनि संरक्षणको निम्ति नियम निर्धारण गर्नसक्छ
- प्रभावित मानिसहरूका निम्ति क्षतिपूर्ति अनि पुनेवासका योजनाहरू शुरू गर्नेसक्छ